## बाधा र चुनौतीहरू

- गर्भपतन सम्बन्धी सामाजिक लाञ्छना
- गर्भपतनको अधिकार अझै सम्म पनि ज्यान सम्बन्धि महलमा भएको
- गर्भपतनलाई महिलाको अधिकारको रूपमा सुनिश्चित नगरी केही शर्तमा मात्र व्यवस्था गरेको
- गर्भपतन सेवाको उपलब्धता सिमित स्वास्थ्य संस्थाहरूमा मात्र भएको
- नेपालमा गर्भपतनले कानुनी मान्यता पाएको जानकारी धेरै महिलाहरूलाई नभएको
- निजि क्षेत्रका स्वास्थ्य संस्थाहरूमा यो सेवालाई व्यवस्थित गर्न नसकिएको

## सुधार गर्नु पर्ने पक्षहरू

- प्रजनन् स्वास्थ्य सम्बन्धी नयाँ विधेयकको स्विकृती र कार्यान्वयन
- गर्भपतनको अधिकारलाई महिलाको प्रजनन् स्वास्थ्य र आत्म निर्णयको अधिकारको रूपमा स्थापित गरि सोहि अनुसार कार्यान्वयन गर्नु पर्ने
- सुरक्षित गर्भपतन सेवाको पहुँच ग्रामिण क्षेत्र सम्म उपलब्ध गराउन आवश्यक व्यवस्था हुनु पर्ने
- सेवाको पहुंच अझै बढाउनको लागि थप स्वास्थ्यकर्मीहरू लाई तालिमको दायरामा ल्याउनु पर्ने
- सुरक्षित गर्भपतन सम्बन्धि ज्ञानमा बृद्धि गर्न र लाञ्छना हटाउन समुदायस्तरमा उपयुक्त व्यवहार परिवर्तनका कार्यक्रम गर्नु पर्ने

## सुरक्षित गर्भपतन सम्बन्धी महत्वपूर्ण नीति र निर्देशिकाहरू

१ नेपाल राजपत्र मिति पौष १० गते २०६० साल

२ सुरक्षित गर्भपतन सेवा प्रकृया, २०६०

३ सुरक्षित गर्भपतन सम्बन्धी राष्ट्रिय नीति २०६०, नेपाल सरकार, स्वास्थ्य मन्त्रालय, स्वास्थ्य सेवा विभाग, परिवार स्वास्थ्य महाशाखा

४ औषधीको प्रयोग द्वारा सुरक्षित गर्भपतन सेवा बिस्तार रणनीति तथा कार्य सञ्चालन निर्देशिका, २०६६, नेपाल सरकार, स्वास्थ्य मन्त्रालय, स्वास्थ्य सेवा विभाग, परिवार स्वास्थ्य महाशाखा

५ सुरक्षित गर्भपतन सेवा कार्यक्रम कार्यबिधि निर्देशिका २०७४, नेपाल सरकार, स्वास्थ्य मन्त्रालय, स्वास्थ्य सेवा विभाग, परिवार स्वास्थ्य महाशाखा ।

## References:


1. CREHPA, GUTTMACHER Institute, Abortion and Unintended Pregnancy in Nepal, 2017
2. Ministry of Health, Nepal; New ERA, and ICF. 2017. Nepal Demographic and Health Survey 2016. Kathmandu Nepal: Ministry of Health, Nepal.
3. Samandari Ghaaleh, et.al, Implementation of Legal Abortion in Nepal: A Model for Rapid Scale-up of High-Quality Care, Reproductive Health, BioMed Central The Open Access Publisher, April 2012, Article URL: http://www.reproductive-health-journal.com/content/9/1/7.
4. World Health Organization, Safe Abortion: Technical and Policy Guidance for Health System, 2012, Avenue Appia 1211 Geneva Switzerland.
5. सुरक्षित गर्भपतन सेवा कार्यक्रम कार्यबिधि निर्देशिका २०७४, स्वास्थ्य सेवा विभाग, परिवार स्वास्थ्य महाशाखा ।


Ipas HEALTH ACCESS RIGHTS NEPAL

जिल्ला स्वास्थ्य कार्यालय तेह्रथुम


सल्लाह सुझाव र प्रतिक्रियाका लागि
संमृद्ध तेह्रथुमका लागि अभियान, तेह्रथुम
फोन नं: ०२६४६०७५३
इमेल : samridhattm@gmail.com, radioterhathum@gmail.com
Website : www.radioterhathum.com.np


# सुरक्षित गर्भपतन सेवा: एक परिचय

सुरक्षित गर्भपतन सेवा भनेको के हो ?

गर्भवती महिलाको लिखित मन्जुरीमा सुचिकृत स्वास्थ्यकर्मीले सुचिकृत स्वास्थ्य संस्थामा प्रचलित कानुनले तोकेको परिधि भित्र रहेर प्रदान गरिने गर्भपतन सेवालाई सुरक्षित गर्भपतन सेवा भनिन्छ ।

## सुरक्षित गर्भपतन सेवा किन ?

- महिलाको प्रजनन् स्वास्थ्य सम्बन्धि अधिकारको सुनिश्चित गर्न
- असुरक्षित गर्भपतनको कारणले हुने मातृ मृत्यु र रूग्णता (Morbidity) कम गरि दिगो विकासको लक्ष्यमा उल्लेखित मातृ मृत्यु घटाउने उद्देश्य हासिल गर्न सहयोग पुऱ्याउन
- महिलाहरूको सशक्तिकरणको लागि टेवा पुऱ्याइ दिगो विकास गर्न
- अमानविय र असुरक्षित गर्भपतनको रोकथाम गर्न
- बलात्कार, हाडनाता करणीबाट रहन गएको अनिश्चित गर्भको समस्या निराकरण गर्न
- अनियोजित तथा अनिश्चित गर्भको निरन्तरताबाट पर्ने प्रभावलाई कम गर्न

सुरक्षित गर्भपतन सेवा

## प्रजनन् स्वास्थ्य अधिकार र गर्भपतन

सुरक्षित गर्भपतन सेवालाई सन् १९९४ मा इजिप्टको राजधानी कायरोमा भएको जनसंख्या तथा विकास सम्बन्धि अन्तराष्ट्रिय सम्मेलनले प्रजनन् स्वास्थ्यको एउटा अधिकारको रूपमा अङ्गिकार गरेको हो ।

सन् १९९९ मा जनसंख्या तथा विकास सम्बन्धी अन्तराष्ट्रिय सम्मेलन बारे समिक्षा गर्न बसेको ICPD+5 बैठकले सुरक्षित गर्भपतन सेवालाई जोड दिएर "गर्भपतनलाई कानुनी बन्देज नलगाएको अवस्थामा स्वास्थ्य प्रणालीले स्वास्थ्य सेवा प्रदायकहरूलाई तालिम दिनुको साथै आवश्यक औजार उपकरण प्रदान गरि गर्भपतनलाई सुरक्षित एवं पहुँचयोग्य बनाउने उपायहरू अपनाउनु पर्ने " निर्णय गरेको थियो ।

(श्रोत: ICPD+5, 1999, para 63iii).

नेपालको संविधान २०७२ ले सुरक्षित मातृत्व र प्रजनन् स्वास्थ्यलाइ महिलाको मौलिक हकको रूपमा उल्लेख गरी प्रत्येक नागरीकलाई राज्यबाट आधारभुत स्वास्थ्य सेवा निशुल्क हक हुनेछ भनी उल्लेख गरेको छ ।

## विश्वमा असुरक्षित गर्भपतन सम्बन्धी अवस्था

- प्रतिवर्ष करीव २० करोड ८० लाख महिलाहरू गर्भवती हुन्छन् । ति मध्ये ५४ प्रतिशतले गर्भपतन गराउँछन् । गर्भपतन गराउने मध्ये ५१ प्रतिशतले सुरक्षित गर्भपतन गराउँछन् भने बाकी ४९ प्रतिशतले असुरक्षित तरिकाले गर्भपतन गराउँछन् ।
- १३ प्रतिशत अर्थात ८ जना मातृ मृत्यु मध्ये १ जनाको

मृत्यु असुरक्षित गर्भपतनको कारणले हुने गर्दछ ।

- प्रतिवर्ष ४७,००० महिलाहरूको मृत्यु असुरक्षित गर्भपतनको कारणले हुन्छ
- प्रतिवर्ष ५० लाख महिलाहरू असुरक्षित गर्भपतनको जटिलताको कारणले विभिन्न रोगहरूबाट ग्रसित हुन्छन् ।

असुरक्षित गर्भपतनको कारणले हुने महिलाहरूको मृत्यु र रूग्णताको समस्यालाई सुरक्षित गर्भपतन सेवाको माध्यमबाट न्युन पार्न सकिन्छ ।

(श्रोतः WHO, 2012)

## नेपालमा गर्भपतनले कानुनी मान्यता पाउनु अगाडिको स्थिति

- ठूला अस्पतालहरूमा प्रसुति रोग सम्बन्धी भर्ना भएका महिलाहरू मध्ये ५४ प्रतिशत महिलाहरूलाई गर्भपतनको जटिलता भएको
- स्वास्थ्य संस्थामा मातृ मृत्यु भएका महिलाहरू मध्ये २० प्रतिशत आमाहरूको मृत्यु गर्भपतन सम्बन्धी जटिलताको कारणले भएको
- महिलाहरूले गर्भपतन पश्चात आफ्नो स्वास्थ्य समस्याको उपचार गर्न अस्पतालमा रू. १,५०० देखि १०,००० सम्म खर्च गरेको
- जेलमा थुनिराखेका महिलाहरू मध्ये २० प्रतिशत महिलाहरू गर्भपतन गराएको र भ्रुण हत्याको अभियोगमा थुनिएका

(श्रोतः Implementation of Legal Abortion in Nepal: A Model for Rapid Scale-up of High-Quality Care, Reproductive Health)

## नेपालमा गर्भपतनको अवस्था

- नेपालमा कुल मातृ मृत्यु मध्ये ७ प्रतिशत मातृ मृत्यु असुरक्षित गर्भपतनको कारणले हुन्छ । (MMMS 2008/2009)
- प्रजनन उमेरका ४१ प्रतिशत महिलाहरूलाई मात्र गर्भपतनले कानुनी मान्यता पाएको बारेमा ज्ञान
- गर्भपतनको कानुनी मान्यताको ज्ञान नपढेका र आर्थिक अवस्था कमजोर भएका महिलाहरूमा ज्यादै कमी
- १९ प्रतिशत महिलाहरूमा अनिश्चित गर्भ हुने गरेको (श्रोतः NDHS 2016)
- प्रतिवर्ष ३२३,००० जना महिलाले गर्भपतन गराउछन् । ती मध्ये ५८ प्रतिशतले असुरक्षित गर्भपतन गराउँछन् । यस तथ्यांक अनुसार नेपालमा निम्न अनुसार असुक्षित गर्भपतन हुने अनुमान गर्न सकिन्छ :

२१ महिला तथा किशोरी प्रति घंटा

५२० महिला तथा किशोरी प्रति दिन

१५,५१२ महिला तथा किशोरी प्रति महिना

१८६,१४४ महिला तथा किशोरी प्रति बर्ष

(श्रोतः CREHPA, 2014)

## नेपालमा उपलब्ध सुरक्षित गर्भपतन सेवाका प्रकारहरू

| सेवाका प्रकारहरू | स्वास्थ्य संस्थाका तहहरू | मान्यता प्राप्त स्वास्थ्य कर्मीहरू |
|---|---|---|
| औषधिद्वारा गरिने सुरक्षित गर्भपतन सेवा | स्वास्थ्य चौकी, प्राथमिक स्वास्थ्य केन्द्र र अस्पताल | दक्ष प्रसूती सम्बन्धि तालिम प्राप्त अ.न.मी. |
| औजार तथा औषधिद्वारा गरिने सुरक्षित गर्भपतन सेवा | प्राथमिक स्वास्थ्य केन्द्र, जिल्ला र सो भन्दा माथिका अस्पतालहरू | तालिम प्राप्त स्टाफ नर्स र डाक्टर |
| बाह्र हप्ता भन्दा माथिको सुरक्षित गर्भपतन सेवा | जिल्ला र सो भन्दा माथिका अस्पतालहरू | तालिम प्राप्त स्त्रीरोग विषेशज्ञ तथा एम.डि.जि.पी. |

(श्रोतः सुरक्षित गर्भपतन सेवा कार्यक्रम कार्यबिधि निर्देशिका २०७४)

## नेपालमा गर्भपतन सम्बन्धी कानुनी ब्यवस्था

२०५९ साल असोज १० गते भएको मुलुकी ऐनको ११ औं संसोधनले नेपालमा निम्न अवस्थाहरूमा गर्भपतन गर्न कानुनी मान्यता दिएको छः

### गर्भवती महिलाको मञ्जुरीले

- १२ हप्ता सम्मको गर्भ,
- बलात्कार वा हाडनाता करणीबाट रहन गएको १८ हप्ता सम्मको गर्भ र
- गर्भपतन नगराएमा गर्भवती महिलाको ज्यानमा खतरा हुने वा निजको शारीरिक, मानसिक स्वास्थ्यमा असर पर्ने वा विकलाङ्ग बच्चा जन्मन सक्ने संभावना भएमा जुनसुकै अवधिको गर्भ ।

### गर्भपतन गर्न नपाउने अवस्थाहरू

- गर्भवती महिलाको मन्जुरी बिना (करकाप, धम्की ललाई फकाई, झुक्याई वा प्रलोभन दिई),
- गर्भपतन गर्ने उदेश्यले भ्रुणको लिङ्ग पहिचान गरी वा सो को आधारमा,
- गर्भपतन गर्न कानुनले तोकेको अवधि र अवस्था बाहेक अन्य अवस्थामा ।

### गर्भपतन सेवासम्बन्धी महत्वपूर्ण पहलहरू

- असोज १०, २०५९ सालः सुरक्षित गर्भपतनलाई कानुनी मान्यता प्राप्त
- आषाढ २०६० सालः सुरक्षित गर्भपतन सम्बन्धी राष्ट्रिय नीति प्रकाशित
- पौष १०, २०६० सालः सुरक्षित गर्भपतन सेवा प्रक्रिया नेपाल राजपत्रमा प्रकाशित
- चैत्र ५, २०६० सालः परोपकार प्रसूति गृह काठमाडौंमा गर्भपतन सेवाको सुरूवात
- २०६३ सालः स्टाफनर्सहरूबाट सुरक्षित गर्भपतन सेवाको सुरूवात
- २०६५ सालः बाह्र हप्ता भन्दा माथिको सुरक्षित गर्भपतन सेवाको सुरूवात
- २०६७ सालः औषधिद्वारा गरिने सुरक्षित गर्भपतन सेवाको सुरूवात
- कार्तिक २, २०७३ सालः नि:शुल्क सुरक्षित गर्भपतन सेवाको सुरूवात ।

## प्रमुख उपलब्धिहरू

- सुरक्षित गर्भपतन सेवा प्रदान गर्न ३,००० भन्दा धेरै स्वास्थ्यकर्मीहरूलाई तालिम प्रदान
- सुरक्षित गर्भपतन प्रदान गर्न १,००० भन्दा बढी स्वास्थ्य संस्थाहरूको सूचीकरण
- नेपालको ७५ वटा जिल्लामा जिल्ला अस्पताल, प्रा.स्वा.के. र सो भन्दा माथिका स्वास्थ्य संस्थाहरूमा सुरक्षित गर्भपतन सेवा उपलब्ध
- औषधिबाट गर्ने सुरक्षित गर्भपतन हाल ५१ वटा जिल्लामा (प्रा.स्वा.के. र स्वास्थ्य चौकी सम्म) उपलब्ध
- सेवा शुरू भए देखि २०७३ सम्म १०,००,००० भन्दा बढी महिलाहरूले सुरक्षित गर्भपतन सेवा लिएको
- सुरक्षितगर्भपतन सेवा लिएका महिलाहरू मध्ये करिब ८० प्रतिशतले गर्भपतन पश्चात् परिवार नियोजनको सेवा लिएको
- १२ हप्ता भन्दा माथिको सेवा २९ वटा अस्पतालहरूमा उपलब्ध
- सरकारी स्वास्थ्य संस्थाहरूबाट सुरक्षित गर्भपतन सेवा नि:शुल्क प्रदान ।